नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वाच्छाता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# ध्यानाकर्षण

मिति: २०८३/०५/०६

**हालै nepalface नामक एक अनलाइन पत्रिकामा मिति २०८३ भाद्र ५ गते रेबिज विरूद्धको Anti-Rabies Vaccine (ARV) 0.5 ml खोपको खरिद र गुणस्तरको सन्दर्भमा प्रकाशित समाचार प्रति यस स्वास्थ्य सेवा विभागको गम्भिर ध्यानाकर्षण भएको छ। सो सन्दर्भमा सम्बन्धित सबैलाइ निम्न सत्य तथ्य जानकारी सहित यथार्थ विवरणहरूबाट प्रस्ट पार्न चाहन्छौं।**

स्वास्थ्य सेवा विभागले इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रमका लागि प्राणघातक रेबिज रोग बिरूद्धका लागि आवश्यक Anti-Rabies Vaccine (ARV) 0.5 ml खोप १,९०,००० भायल खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संसोधन २०८३) को प्रावधान अनुरूप मिति २०८३ वैशाख ३० गते तेस्रो पटक अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरि कानून बमोजिम बोलपत्रको मुल्याङ्कन, स्विकृती, सम्झौता, सामाग्री प्राप्ती र वितरण गरि सेवा समेत प्रवाह समेत भैरहेको अवस्था रहेको छ। केहि समय देखि अधिको सघन ARV खोप अभावको अवस्थाको अन्त्य भएको छ। स्विकृत बोलपत्रदाता M/S Emerald Pharma, Subhidanagar, Tinkune ले उत्पादक कम्पनी M/S LIAONING CHENG DA BIOTECHNOLOGY CO. LTD ,China बाट उत्पादित SPEEDA नामको Anti-Rabies Vaccine, 0.5ml (ARV) खोपको औषधि व्यवस्था विभागबाट प्राप्त आयात सिफारिस अनुरूप १,९०,००० भायल ARV 0.5 ml स्वास्थ्य सेवा विभागमा आपूर्ति गरेको हो। यस अघि पनि नेपालमा स्वास्थ्य सेवा विभागबाटै विभिन्न समयमा जस्तै सन् २०१८ मा ३ लाख भायल, सन् २०१९ मा ३ लाख ५० हजार भायल, सन् २०२२ मा २ लाख भायल खरिद गरि सो खोप प्रयोग भैसकेको असल उत्पादन प्रक्रिया (GMP) मापदण्ड पुरा गरेको खोप हो। समाचारमा उल्लेख भएअनुसार "औषधि ऐन २०३५ अनुसार मानिसमा लगाउने खोप डब्लुएचवो प्रिक्वालिफाईड हुनुपर्दछ" भनि ऐनमा कतै पनि उल्लेख नभएको, एवं ऐनको दफा १२ मा औषधिको स्तरको सम्बन्धमा प्रयोग हुने जुनसुकै औषधि(जस अन्तर्गत खोप पनि पर्दछ), गुणस्तरीय, जनसुरक्षित र असरयुक्त हुनुपर्दछ भन्ने प्रावधान रहेको र सोहि बमोजिम नेपालमा दर्ता भई प्रयोग भईरहेका अधिकांश औषधि तथा खोपको सन्दर्भमा विश्व स्वास्थ्य संगठन कुशल उत्पदान अभ्यास(WHO-GMP) मान्यता प्राप्त भई वितरण भईरहेको हुँदा औषधि ऐन २०३५ को कुनै पनि प्रावधान अनुसार प्रतिकुल हुने गरि यस खोपको खरिद तथा वितरण नभएको। WHO-PQ नभएको खोप स्वतः substandard वा unsafe हुँदैन, समाचारमा WHO-PQ नभएको खोपलाइ स्वत: "असुरक्षित", "जोखिमयुक्त" "जनस्वास्थ्यमा खेलबाड" संग जोडिएको छ जुन भ्रामक छ। खोप ऐन, २०७२ को प्रावधान अनुरूप समेत खोप असल उत्पादन प्रक्रिया (GMP) अपनाइ उत्पादन भएको, उत्पादन भएको देशमा प्रयोगमा रहेको (चीन लगायत नेपाल, भारत, श्रीलङ्का, थाइलेण्ड, कम्बोडिया, भेतनाम, फिलिपिन्स, इजिप्ट लगायत २ दर्जन देशमा) समेत तथ्य रहेकोछ। प्रयोग हुने देशको नियामक निकायबाट मान्यता प्राप्त भई सम्बन्धित देशको नियामक निकायबाट खेप प्रमाणीकरण (lot release ) समेत प्रदान भई प्रयोग गर्न योग्य रहेको जम्मा १९०००० भायल खोप आयात गरि नियामानुसार वितरण भएको छ। स्वास्थ्य सेवा विभाग स्पष्ट गर्न चाहन्छ कि हाल खरिद गरिएको एन्टीरेबिज भ्याक्सिन निर्धारित ICB प्रक्रियाबाट, बोलपत्रमा तोकिएको WHO-PQ वा GMP सम्बन्धी मापदण्डअनुसार प्रतिस्पर्धा गराई खरिद कार्य गरिएको हो।

यसरि स्वास्थ्य सेवा विभागले प्रचलित ऐन नियम र कानूनको अधिनमा रहि बोलपत्र आह्वान, मुल्याङ्कन, स्विकृती, सम्झौता, सामाग्री प्राप्ती र वितरण गरि सेवा समेत प्रवाह भैरहेको अवस्थामा सम्बन्धित विषय विज्ञ, खरिद कार्यमा संलग्न सम्बन्धित पदाधिकारीहरूसंग सत्य तथ्य जानकारी नै नलिइ कपोल कल्पित, जनमानसमा भ्रम सृजना गर्ने किसिमको समाचार सम्प्रेषण गरेकाले उक्त समाचारको स्वास्थ्य सेवा विभाग भर्त्सना गर्दछ। देश भर खोप अभाव रहेको बखतमा बोलपत्रको कागजातमा उल्लेखित गुणस्तर कायम भएकै खोप आपूर्ति गरि आपूर्ति व्यवस्थापन सहज बनाइ सेवा प्रवाह नियमितता गराउन संलग्न अहोरात्र खटिएका राष्ट्रसेवक कर्मचारीहरूको आचरणमा काल्पनिक आक्षेप लगाइ मनोबल घटाउनेकाम नगर्न नगराउन सम्बन्धितलाई हार्दिक अपिल गर्दछौ। साथै, यस्ता कपोलकल्पित भ्रामक समाचारले समग्र स्वास्थ्य सेवा प्रवाहमानै खलल पुर्‍याउन सक्ने भएकोले सबै नागरिकलाई ढुक्क भएर स्वास्थ्य सेवा लिन स्वास्थ्य सेवा विभाग आग्रह गर्दछ।

अन्तत : उक्त ARV खोप National Guidelines for Rabies Prophylaxis and Management in Nepal बमोजिम प्रयोग गर्न गराउन र भ्रमित नहुन सम्बन्धित स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र सेवाग्राहीहरूलाइ हार्दिक अनुरोध छ।